आर्थिक वर्ष २०८३।०८४

बैठक संख्याः १

आज मिति २०८३ श्रावण २८ गते बिहिबारका दिन आलिताल गाउँपालिका अध्यक्ष श्री शेर सिंह पार्की ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा आलिताल गाउँपालिका सभाहलमा गाउँ कार्यपालिकाको बैठक बसी छलफल भइ देहायका निर्णयहरू गरियो।

उपस्थितिः

१. गाउँपालिका अध्यक्ष, श्री शेर सिंह पार्की

२. गाउँपालिका उपाध्यक्ष, श्री मैना कुमारी रावल बोहरा

३. वडा अध्यक्ष, वडा नं.१. श्री यज्ञ बहादुर देउवा

४. वडा अध्यक्ष, वडा नं. २. श्री श्री प्रमोद बहादुर मल्ल

५. वडा अध्यक्ष वडा नं. ३ श्री बल बहादुर बुढामगर

६. वडा अध्यक्ष, वडा नं. ४. श्री कमल सिंह बोहरा

७. वडा अध्यक्ष, वडा नं. ५. श्री डम्बर बहादुर डाट

८. वडा अध्यक्ष, वडा नं. ६, श्री कुम्भर बुढा

९. वडा अध्यक्ष, वडा नं. ७. श्री विर बहादुर बोहरा

१०. वडा अध्यक्ष, वडा नं ८. श्री धन बहादुर देउवा

११. कार्यपालिका सदस्य, श्री भिमा देवी ओली

१२. कार्यपालिका सदस्य, श्री खिमा देवी गिरी

१३. कार्यपालिका सदस्य, श्री कलावती देवी नाथ

१४. कार्यापालिका सदस्य, श्री गोमती देवी पार्की

१५. कार्यपालिका सदस्य, श्री कर्ण बहादुर दमाई

१६. कार्यपालिका सदस्य, श्री रमेश बहादुर कामी

१७. सचिव, प्र.प्र.अ.श्री कृष्णानन्द जोशी

प्रस्तावहरु-

प्रस्ताव नं. १ पूर्व बैठकका निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ भुमिहिन दलित र भुमिहिन सुकुम्वासी प्रमाणिकरण सम्बन्धमा ।

प्रस्ताव नं. ३ म्याद नाघेको घ वर्गको इजाजत पत्र नविकरण सम्बन्धमा ।

प्रस्ताव नं. ४ विभिन्न प्रतिवेदन सम्बन्धमा।

प्रस्ताव नं. ५ सहरी सडक तथा सडक सुरक्षा कार्यक्रम अन्तरगतका आयोजना पहिचान तथा सिफारिस सम्बन्धमा।

प्रस्ताव नं. ६ विविध ।

पूर्णा नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

निर्णयहरु:-

निर्णय नं १- प्रस्ताव नं १ माथि छलफल गर्दा विगतको कार्यपालिका बैठक बाट गरिएका निर्णयहरुबारे छलफल गर्दै आलितास गाउपालिकामा पेश गरेको आ ले प प्रतिवेदन मागी पेश छलफल गरियो र उक्त प्रतिवेदनले औल्याएको बेरुजु फछ्यौंटको लागी कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं २- प्रस्ताव नं २ माथि छलफल गर्दा यस आलितास गाउँपालिका अन्तरगतका वडा कार्यालयहरु बाट भूमिहिन दलित, भूमिहिन सुकुम्बासि र अव्यवस्थित बसोबासिको पहिचान र प्रमाणिकरणका आधार र मापदण्ड २०८३ को दफा ४ को उपदफा १ बमोजिम पहिचान र प्रमाणिकरण भई आएका भूमिहिन दलित र भूमिहिन सुकुम्बासिहरुको प्रमाणिकरण प्रतिवेदनहरु सोहि कार्यविधिको उपदफा २ बमोजिम स्वीकृत गरि आवश्यक प्रकृया अगाडि बढाउन भूमि समस्या समाधान जिल्ला समिति डडेल्धुरालाई सिफारिस गर्ने निर्णय पारित गरियो ।

निर्णय नं ३- प्रस्ताव नं ३ माथि छलफल गर्दा "घ" वर्गको ईजाजतपत्र नविकरणको म्याद नागेको १२ महिना व्यतित भईसकेपछी नविकरणका लागी निवेदन पेश गरेको श्री जय सिगास निर्माण सेवाको म्याद नाघेको घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र २०७८ को दफा ५को उपदफा ५ बमोजिम नविकरण गर्न फर्मले तिर्नुपर्ने बाँकी दस्तुर ९००० र जरिमाना दस्तुर रु ३००० गरी जम्मा राजश्व रु १२०००। दाखिला गर्न लगाई निज फर्मलाई नविकरण गर्ने निर्णय गरियो।

निर्णय नं ४- प्रस्ताव नं ४ माथि छलफल गर्दा कार्यपालिका बैठकमा पेश भएका तपसिका प्रतिवेदनहरु अनुमोदन गर्ने निर्णय गरियो।

१. योजना कार्यान्वयन अनुगमन प्रतिवेदन
२. जिल्ला समन्वय समितिबाट प्राप्त प्रतिवेदन

निर्णय नं ५- प्रस्ताव नं ५ माथि छलफल गर्दा संघिय सहरी विकास कार्यालय धनगडी कैलालीको च.न. ६९ को मिति २०८३।०४।२० गतेको प्राप्त पत्रानुसार आयोजना प्राथमिकिकरण गरी पठाउने भनि विवरण माग भएकोले यस गाउपालिकामा रहेका तपसिलका योजनाहरु सिफारिस गर्ने निर्णय गरियो।

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

कृष्ण नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

१. वडा नं ७ को कार्यालय देखि थलि सम्मको सडक- आलिताल ७
२. आलिताल -गांखेत सडक – आलिताल ५
३. आलिताल - जोशीना झरना जोड्ने सडक – आलिताल १ र ३

निर्णय नं ६- प्रस्ताव नं ६(क) माथि छलफल गर्दा मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यानसर रोगी र मेरुदण्ड पक्षाघातका विरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०७८ मा भएको व्यवस्था अनुसार आलिताल ७ बस्ने क्यान्सर रोगी जय बोहराले आवस्यक कागजात सहित कार्यालयमा निवेदन दिए अनुसार निजलाई मासिक आर्थिक सहायता रकम उपलब्ध गराउनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं ७- प्रस्ताव नं ६(ख) माथि छलफल गर्दा चालु आ.व. २०८३/०८४ देखि सामुदायिक विद्यालयका सबै प्रकारका शिक्षक, विद्यालय कर्मचारी र बालविकास सहजकर्ताको तलबभत्ता बापतको रकम सम्बन्धित व्यक्तिको खातामा निकासा दिन आलिताल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति दिने निर्णय गरियो ।

निर्णय नं ८- प्रस्ताव नं ६(ग) माथि छलफल गर्दा आलिताल गाउपालिका भित्र रहेका ग्रामिण सडकहरुको क्षेत्राधिकार (Right of Way) दाया बाया १०।१० मिटर कायम गर्ने निर्णय गरियो।

निर्णय नं ९- प्रस्ताव नं ६(घ) माथि छलफल गर्दा प्रशासनिक तर्फ वडा सचिवका पदहरु रिक्त रहेको तथा कर्मचारी अभावको कारण कामकाज गर्न असहज भएकोले रिक्त रहेका पदमा प्रदेश अन्तरगतका विभिन्न स्थानिय तहमा सोही सेवा पद र तहमा कार्यरत इच्छुक कर्मचारीहरुले सरुवा भई आउन सरुवा सहमतीको लागी १ हप्ता म्याद दिई सार्वजनिक सूचना आव्हान गर्ने र सो अवधि भित्र सरुवा सहमतिको निवेदन प्राप्त हुन नआएमा संघिय तथा प्रदेश लोकसेवा आयोगको वैकल्पिक। अस्थायी सूचिमा रहेका बाट निवेदन आव्हान गरी नियमानुसार आवस्यक व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं १०- प्रस्ताव नं ६(ङ) माथि छलफल गर्दा भूमिहिन दलित, भूमिहिन सुकुम्बासि र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धि कार्यविधि २०८३ को दफा ४ को उपदफा १ बमोजिम हुने गरि स्थानिय तह स्तरिय भूमि समस्या सहजिकरण समिति गठन गरियो ।

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

कृष्ण नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ११- प्रस्ताव नं ६(च) माथि छलफल गौदी आलिताल गाउपालिका वडा नं ३ अन्तर्गत सञ्चालित श्री असिग्राम प्राथमिक विद्यालय तुङ्गा आलिताल गाउपालिका गाउँ कार्यपालिकाको मिति २०८२।२।१२ गतेको निर्णय बमोजिम श्री ब्रह्मचारी प्राथमिक विद्यालय किमोडीमा समायोजन भएको समायोजन पश्चात् सो विद्यालयमा दरबन्दी सङ्ख्या बढी हुन गएकोले शिक्षा युवा तथा खेलकुद शाखाको राय बमोजिम स्वीकृत दरबन्दी (संख्या एक) कटौती गरी श्री सेलालिङ्ग प्राथमिक विद्यालय आलिताल ३, बुडुममा कायम गर्ने र उक्त दरबन्दीमा कार्यरत स्थायी शिक्षक श्री केशव बहादुर साउदलाई पदस्थापन गर्ने र श्री ब्रह्मचारी प्राथमिक विद्यालय किमोडीमा बढी भएको कार्यालय सहयोगी पदमा कार्यरत चेत बहादुर मडैलाई श्री स्यालचौडी मा वि चौडबण्डलेमा पदस्थापन गर्ने निर्णय गरियो ।

शेर सिंह पार्की
गाउँपालिका अध्यक्ष

कृष्ण नन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत